# बसोबास करको "समान दर" "आय दर" भन्नाले?

बसोबास कर भनेको, **अघिल्लो एक वर्षभरी (जनवरी ~ डिसेम्बर)को आयप्रति लागु हुने** कर रकम हो र, सैद्धान्तिक रूपमा

जनवरी 1 तारिखमा बसोबास ठेगाना रहेको क्षेत्रमा कर लगाइन्छ। कर राशि भनेको "समान दर" र "आय दर" जोडेको राशि हुन आउँछ।

## "समान दर" भन्नाले?

"**समान दर**" भन्नाले, सबैलाई एउटै समान राशि लागु हुने कर रकम (फुकुओका नगरमा 5,500 येन)

## "आय दर" भन्नाले?

"**आय दर**" भन्नाले, अघिल्लो एक वर्ष भरी (जनवरी ~ डिसेम्बर)को आयको आधारमा हिसाब गरिने कर रकम

## ◆ 'बसोबास कर "समान दर" कर लागु नहुने' भन्नाले?

**बसोबास कर "समान दर" र "आय दर"का दुवै कर लागु नहुने**लाई भनिन्छ।

"समान दर"मा कर लागु नहुने समयमा, "आय दर"मा पनि कर लागु नहुने हुन जान्छ।

## ◆'बसोबास कर "समान दरमा मात्र" कर लागु' भन्नाले?

**बसोबास कर "समान दर"मा कर लागु हुने र, "आय दर"मा कर लागु नहुने**लाई भनिन्छ।

## ◆'बसोबास कर "आय दर"मा कर लागु भएको' भन्नाले?

**बसोबास कर "समान दर" र "आय दर"का दुवैमा कर लागु भएको**लाई भनिन्छ।

"आय दर"मा कर लागु हुने समयमा, "समान दर"मा समेत कर लागु हुनेछ।

| बसोबास कर | समान दर | आय दर |
|---|---|---|
| "समान दर"मा कर लागु नहुने | कर लागु नहुने | कर लागु नहुने |
| "समान दर मात्र"मा कर लागु हुने | कर लागु हुने | कर लागु नहुने |
| "आय दर"मा कर लागु | कर लागु हुने | कर लागु हुने |

## ◆'बसोबास कर "आय दर"मा कर लागु नहुने' भन्नाले?

बसोबास कर "आय दर"मा कर लागु नहुनेलाई भनिन्छ र, **'"समान दर"मा कर लागु नहुने' अथवा '"समान दरमा मात्र" कर लागु हुने' दुवै**लाई भनिन्छ।

# [सन्दर्भ सामाग्री] घरपरिवारको ढाँचा पिच्छे आम्दानीको मानक

यो तालिका घरपरिवारको ढाँचा पिच्छेको आम्दानीको मोटामोटी स्वरूप तथा प्राप्त गर्न सकिने लाभ रकमको प्रकार दर्शाइएको तालिका हो। **<u>पालनपोषण गरिरहेका नातेदार भएको/ नभएको या आफ्नो अवस्था भन्दा फरक भएकोले, लाभ रकमको आवेदन दिंदा, अवश्यपनि आफ्नो कर लागु अवस्था चेक गर्नुहोस्।</u>**

| घरपरिवारको ढाँचा | | मूल व्यक्ति स्वयं + पालनपोषित नातेदार (व्यक्ति सङ्ख्या) | लाभ रकमको प्रकार | |
|---|---|---|---|---|
| | | | बसोबास करमा कर लागु नहुने घरपरिवार (एक घरपरिवार बराबर 70 हजार येन) | बसोबास कर समान दरमा मात्र कर लागु हुने घरपरिवार (एक घरपरिवार बराबर 1 लाख येन) |
| तलब आम्दानी | [एकल घरपरिवार]<br>घरमूली: 40 वर्षे | 1 | ~ 10 लाख येन जतिसम्म | ~ 11 लाख 50 हजार येन जतिसम्म |
| | [3 जनाको घरपरिवार]<br>घरमूली: 50 वर्षे<br>जहान: 50 वर्षे (जहान निमित्तको कर कटौती लागु)<br>बालबच्चा: विश्वविद्यालय पढ्ने 1 जना | 3 | ~ 20 लाख 50 हजार येन जतिसम्म | ~ 23 लाख 50 हजार येन जतिसम्म |
| | [4 जनाको घरपरिवार]<br>घरमूली: 30 वर्षे<br>जहान: 30 वर्षे (जहान निमित्तको कर कटौती लागु)<br>बालबच्चा: प्राथमिक विद्यालय पढ्ने 2 जना | 4 | ~ 25 लाख 50 हजार येन जतिसम्म | ~ 27 लाख येन जतिसम्म |
| पेन्सन आम्दानी | [एकल घरपरिवार]<br>घरमूली: 65 वर्ष उमेर वा सो भन्दा माथिका वृद्धवृद्धा | 1 | ~ 15 लाख 50 हजार येन जतिसम्म | ~ 16 लाख येन जतिसम्म |
| | [2 जनाको घरपरिवार]<br>घरमूली: 70 वर्षे<br>जहान: 70 वर्षे (जहान निमित्तको कर कटौती लागु) | 2 | ~ 21 लाख येन जतिसम्म | ~ 22 लाख येन जतिसम्म |

## ◆कर लागु अवस्था निश्चय गर्ने विधि

①नगरवासी कर/ प्रान्तवासी कर विशेष असुली कर रकमको निर्णय/ परिवर्तन सूचना पत्र***1**

②नगरवासी कर/ प्रान्तवासी कर दाखिला सूचना पत्र***1**

③सम्बन्धित वडाको कर लागु फाँट***2** (सन् 2023 जनवरी 1 तारिखको समयविन्दुमा बसोबास दर्ता रहेको नगर/ गाउँपालिका)

***1** सूचना पत्रहरू कसरी हेर्ने भनेर, "कर लागु अवस्था निश्चय विधि" नामको भिन्न पत्र हेर्नुहोस्।

***2** फोनबाट सोध्न मिल्दैन। मूल व्यक्ति स्वयंको पहिचान खुल्ने कागजात लिएर आई, काउण्टरमा सोध्नुहोस्।
पुनश्च, कर लागु सम्बन्धमा काउण्टरमा आउनु भएको मूल व्यक्ति स्यवंलाई, उहाँको आफ्नो हिस्साको मात्र उत्तर दिन मिल्छ।